नेपाल सरकार

गृह मन्त्रालय

कारागार व्यवस्थापन विभाग

# कारागार कार्यालय

भीमफेदी, मकवानपुर

# वार्षिक प्रतिवेदन

आ.व. २०८१/८२

# वार्षिक प्रतिवेदन, २०८१/८२


**सल्लाहकार**

श्री लिलाप्रसाद शर्मा, महानिर्देशक, कारागार व्यवस्थापन विभाग, काठमाडौं ।
श्री नारायाण प्रसाद भट्टराई, निवर्तमान महानिर्देशक, कारागार व्यवस्थापन विभाग ।
श्री स्किम श्रेष्ठ, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, मकवानपुर ।

**प्रकाशक**

कारागार कार्यालय, भीमफेदी, मकवानपुर

**प्रकाशन समूह**

सुवास पौडेल, कारागार प्रशासक (उपसचिव)
जीवन निरौला, शाखा अधिकृत
केदार सापकोटा, नायब सुब्बा
नवराज बर्तौला, नायब सुब्बा
शैली श्रेष्ठ, लेखापाल
सूर्यचन्द्रमणि सापकोटा, खरिदार
कुबेर पराजुली, सहायक कम्प्युटर अपरेटर

**विशेष सहयोग**

स.प्र.ना.उ. मोहन के.सी.
प्र.ना.नि. विशाल लामा

**आवरण/तस्बिर व्यवस्थापन**

कुबेर पराजुली

**लेआउट/डिजाइन**

सुवास राई



**सर्वाधिकार**

कारागार कार्यालय, भीमफेदी, मकवानपुर



**छापिएको संख्या**

३०० प्रति



**राय/सल्लाह र सुझावका लागि**

**कारागार कार्यालय, भीमफेदी, मकवानपुर**
फोन नं.: ०५७-४१००२६
Email: bhimphedijail@gmail.com, makawanpur.it@dopm.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
**कारागार व्यवस्थापन विभाग**
# कारागार कार्यालय
भीमफेदी, मकवानपुर

पत्र संख्याः- ०८२/०८३
चलानी नं.:

मितिः २०८२/०५/०५
नेपाल संवत् ११४५, गुँलागा १३

**विषयः वार्षिक प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

**माननीय मन्त्रीज्यू,**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय,**
**बागमती प्रदेश सरकार,**
**हेटौँडा, मकवानपुर।**

प्रस्तुत सम्बन्धमा कारागार ऐन, २०७९ को दफा ७ को उपदफा (५) बमोजिम यस कारागार कार्यालय, भीमफेदी, मकवानपुरले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

.........................
सुवास पौडेल
कारागार प्रशासक (उपसचिव)

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
# कारागार कार्यालय
भीमफेदी, मकवानपुर

पत्र संख्याः- ०८२/०८३
चलानी नं.:

मितिः २०८२/०५/०५
नेपाल संवत् ११४५, गुँलागा १३

**विषयः– वार्षिक प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

**श्रीमान् महानिर्देशकज्यू,**
**कारागार व्ययवस्थापन विभाग**
**कालिकास्थान, काठमाडौँ।**

प्रस्तुत सम्बन्धमा कारागार ऐन २०७९ को दफा ७ को उपदफा (५) बमोजिम यस कारागार कार्यालय, भीमफेदी, मकवानपुरले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

.....................................
सुवास पौडेल
कारागार प्रशासक (उपसचिव)

कार्यालयको सम्पर्क विवरणः ☎ ०५७-४१००२६ , ✉ bhimphedijail@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
**कारागार कार्यालय**
भीमफेदी, मकवानपुर

पत्र संख्याः- ०८२/०८३
चलानी नं.ः



## प्रकाशकीय

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ अनुसार सार्वजनिक निकायले आफूसाग सम्बन्धित विषयहरु र सम्बन्धित निकायको काम कर्तव्य अधिकार प्रदान गरिने सेवा सम्पादन गरेका कामको विवरण आम्दानी खर्च तथा आर्थिक कारोबार आदि अद्यावधिक र प्रकाशन गर्नुपर्दछ। त्यस्तै गरी सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ को दफा ४१ मा सरकारी कार्यालय एवम् निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि आर्थिक वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र त्यस्तो कार्यको अवस्थिति, प्रगति र अन्य आवश्यक कुराहरु समावेश गरी तालुक कार्यालयमा पेश गर्नुपर्ने प्रावधान रहेको छ। कारागार ऐन २०७९ को दफा ७ को उपदफा(५) ले समेत कारागार प्रशासकले तोकिएबमोजिमको वार्षिक प्रतिवेदन प्रकाशन गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र कारागार व्यवस्थापन विभागमा पेश गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। यिनै व्यवस्था बमोजिम यस कार्यालयले आ.व. २०८२-८३ मा सम्पादन गरेका मुख्य मुख्य कार्यहरु समेटी वार्षिक प्रतिवेदन प्रकाशन गरेको हो।

यस वार्षिक प्रतिवेदनमा आ.व. २०८२-८३ मा यस कार्यालयबाट सम्पादित मुख्य मुख्य कार्यहरुहरुका अतिरिक्त विश्वमा कारागार प्रणालीको इतिहास, नेपालको कारागार प्रणालीको विकासक्रम, यस कारागारको इतिहास र वर्तमानको अवस्था, कार्यालयको कामकारबाहीसँग प्रत्यक्ष सरोकार राख्ने नीति/कानुनी प्रबन्ध एवम् निकायहरुको विवरण, कार्यालयका समस्याहरु, समस्या समाधानका लागि भए गरेका प्रयासहरु, आगामी दिनमा गरिनुपर्ने सुधारका विषयहरु समेटिएको छ।

प्रस्तुत प्रतिवेदन यस कार्यालयको मात्रै नभएर समग्र नेपालमा नै कारागार प्रणालीको विगत र वर्तमानको अवस्था, समस्या तथा चुनौती र आगामी दिनमा गरिनुपर्ने सुधार लगायतका विषयमा जान्न चाहने साथै सरोकार राख्ने व्यक्ति, पदाधिकारी, एवम् सम्बद्ध निकायलाई उपयोगी सामग्रीको

नेपाल सरकार
गृह मन्त्रालय
**कारागार व्यवस्थापन विभाग**
# कारागार कार्यालय
भीमफेदी, मकवानपुर

पत्र संख्याः- ०८२/०८३
चलानी नं.ः

रुपमा रहनेछ भन्ने हाम्रो विश्वास रहेको छ। यस प्रतिवेदन वार्षिक प्रतिवेदन प्रकाशनको हाम्रो पहिलो प्रयास हो। तसर्थ यसमा केही त्रुटीहरु एवम् समेट्न पर्ने विषयहरु छुटेका हुनसक्छन। आगामी दिनमा त्यस्ता विषय समेट्दै लैजाने एवम् त्रुटीहरु सुधार गर्दै लैजाने विश्वास दिलाउन चाहन्छौं।

वार्षिक प्रतिवेदन प्रकाशन गर्ने क्रममा कारागार व्यवस्थापन विभागका श्रीमान् महानिर्देशकज्यू, निवर्तमान महानिर्देशक श्री नारायणप्रसाद भट्टराईज्यू एवम् मकवानपुर जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट प्राप्त निर्देशन र प्रेरणाका लागि म हार्दिक आभार व्यक्त गर्दछु। प्रतिवेदन तयार गर्ने क्रममा सूचना संकलन तथा सम्पादन गरी प्रकाशनयोग्य बनाउन खटिनुभएका कार्यालयका सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मीहरु तथा भाषिक शुद्धता एवम् डिजाइनमा सहयोग गर्नुहुने प्रेस काउन्सिल नेपालमा कार्यरत शा.अ. श्री सुवास राईलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदन एवम् कार्यालयको सेवा प्रवाहका सम्बन्धमा यहाँहरुको सल्लाह र सुझावहरुको सदैव स्वागत गर्दै प्राप्त सुझावका आधारमा कार्यालयको सेवामा निरन्तर सुधार गर्ने र प्रकाशनलाई परिष्कृत गर्दै लैजाने समेत प्रतिबद्धता व्यक्त गर्दछौं।

..........................
सुवास पौडेल
कारागार प्रशासक (उपसचिव)
मितिः २०८२/०५/०५

# विषय सूची

| क्र.सं. | शीषक | पज नं. |
|---|---|---|


| परिच्छेद- १ | | १ |
|---|---|---|
| १.१ | कारागार प्रणालीको विश्व इतिहास | १ |
| १.२ | नेपालमा कारागारको विकासक्रमः | ७ |
| १.३ | कारागार कार्यालय भीमफेदी, मकवानपुरको ऐतिहासिक विकासक्रमः | ८ |
| १.४ | यस कारागार कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरूः | ९ |
| १.५ | अन्य | ९ |
| १.६ | संगठनात्मक संरचनाः | १० |
| १.७ | दरबन्दी तेरिजः | ११ |
| १.८ | सशस्त्र प्रहरी बल नेपालतर्फः | १२ |
| १.९ | कारागार सुरक्षा गार्ड(नेपाल प्रहरी) तर्फः (२०७७ को स्वीकृत दरबन्दी अनुसार) | १३ |
| १.१० | कारागार प्रशासनमा रहेका शाखाहरूको विवरणः | १३ |
| १.११ | कारागारमा कैदीबन्दीको स्वास्थ्य उपचारसम्बन्धी अभ्यास र अवस्थाः | १४ |
| १.१२ | कारागारको भौतिक संरचनाः | १४ |
| १.१३ | सरोकारवाला निकाय/संस्था/संगठनहरूः | १६ |
| १.१४ | कारागार प्रशासनसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरूः | १७ |
| १.१५ | कारागार कार्यालयको दैनिक सरोकारका विषयहरूः | १८ |
| १.१६ | कार्यालयमा सञ्चालित प्रशासनिक ईकाइहरूः | १८ |
| परिच्छेद-२ः | | १९ |
| २.१ | भौतिक पूर्वाधार निर्माणतर्फः | १९ |
| २.२ | आर्थिक वर्ष २०८१-८२ को कार्यालयको बजेट कार्यान्वयनको अवस्थाः | १९ |
| २.३ | आ.व. २०८१-८२ मा कार्यालयको बेरुजु फर्छौटमा भएको प्रगति विवरणः | १९ |
| २.४ | कर्मचारी/सुरक्षा समन्वय बैठकः | २० |
| २.५ | औपचारिक कार्यक्रम अवलोकन तथा निरीक्षण सम्बन्धी विवरणहरूः | २० |

२.६ अन्य विविध तर्फः २२
२.७ आ.व. २०८२/८३ मा निर्माण भइरहेका मूख्य पूर्वधारहरुः २३
२.८ आ.व. २०८१/८२ मा थुनामुक्त गरिएका कैदीबन्दीहरुको संख्याः २३
२.९ हाल कारागारमा सीप/आयमूलक कार्यमा आबद्ध कैदीबन्दीहरुको संख्या २४
२.१० कारागारमा भएका/भैरहेका सिर्जनात्मक कार्यहरूः २४
२.११ कारागार कार्यालयका मूलभूत समस्याहरूः २५
२.१२ कारागार व्यवस्थापन एवम् सेवा प्रवाह सुधारमा गरिएका प्रयासहरूः २६
२.१३ कारागार व्यवस्थापनलाई थप प्रभावकारी बनाउने सन्दर्भमा अपेक्षित सुधार का विषय तथा क्षेत्रहरु : २७

परिच्छेद– ३ ३१
३.१ हाल यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण ३१
३.२ हालसम्म कार्यरत कार्यालय प्रमुखहरूको नामावाली (कार्यालयको अभिलेख अनुसार): ३३
३.३ हाल नेपालका सबै कारागार तथा सुधारगृहमा रहेका कैदी तथा थुनुवाहरुको विवरण (मिति २०८२-०३-३२ गते): ३४
३.४ नेपालका प्रमुख कारागारहरुमा रहेका कैदी/बन्दी संख्यात्मक विवरण (मिति २०८२-०३-३२ को तथ्याङ्क): ३५
३.५ कारागार कार्यालय भीमफेदीमा रहेका कैदीबन्दीहरुको विवरण (मिति २०८२-०३-३२ गते): ३६
३.६ यस कारागारमा रहेका मकवानपुर जिल्ला अन्तर्गतका विभिन्न स्थानीय तहरूका कैदीबन्दीहरूको संख्यात्मक विवरणः ३८
३.७ सेवाग्राही तथा बन्दीको वडापत्र ३९
३.८ कार्यालयको सम्पर्क विवरणः ४१

परिच्छेद–४ ४३
४.१ तस्बिरमा कार्यालयको गतिविधिहरुः ४३

# परिच्छेद–१
# कारागार प्रणालीको विश्व इतिहास

### १.१ कारागार प्रणालीको विश्व इतिहास

कारागार प्रणालीको इतिहास मानव सभ्यताको विकाससँगै जोडिएको छ। विभिन्न मुलुकमा कारागारको इतिहास फरक-फरक सांस्कृतिक, राजनीतिक र औपनिवेशिक पृष्ठभूमिबाट विकसित भएको पाइन्छ। कारागार प्रणालीको विकासक्रम र केही मुलुकको अभ्यासलाई यहाँ प्रस्तुत गरि एको छः

१. **प्राचीन काल**

प्रारम्भिक समयका राज्यहरूमा आजको जस्तो स्थायी कारागार कमै थिए। सजायको स्वरूप मुख्यतः शारीरिक यातना, निर्वासन, दासत्व, वा मृत्युदण्ड हुन्थ्यो। अपराधी कर्म गर्नेलाई अस्थायी रूपमा किल्ला, कोठरी, वा गुफाजस्ता स्थानमा थुनिन्थ्यो। धर्मशास्त्र र स्थानीय प्रथाहरूबाट अपराधको व्याख्या र सजाय निर्धारण हुन्थ्यो।

- ग्रीकःप्राचीन ग्रीकहरूमा, प्लेटो जस्ता केही दार्शनिकहरूले अपराधीहरूलाई बदलाको लागि नभई सुधारका लागि दण्ड दिनुपर्छ भन्ने विचार विकास गर्न थाले। जेलहरूलाई मुख्यतया जरिवाना तिर्न नसक्नेहरूलाई थुन्न प्रयोग गरिन्थ्यो। एथेन्समा "डेसमोटेरिअन" भनिने कारागारहरू थिए।
- रोमनः रोमनहरूले कारागारलाई केवल थुन्नका लागि मात्र नभई दण्डको रूपमा प्रयोग गर्ने पहिलो सभ्यता मध्ये एक थिए। धातुका पिँजराहरू, सार्वजनिक भवनका बेसमेन्टहरू र खानीहरू जस्ता विभिन्न संरचनाहरू कैदीहरूलाई राख्न प्रयोग गरिन्थ्यो।

२. **मध्यकालीन र प्रारम्भिक आधुनिक कालः**

- १६औं शताब्दीः युरोपमा सामान्य अपराध गर्ने र घुमन्तेहरूका लागि "हाउस अफ करेक्सन" (House of Correction) स्थापना गरियो, जसले कडा अनुशासन र कठिन श्रममा जोड दिन्थ्यो।
- १८औं शताब्दीको अन्त्यसम्मःकारागारहरू मुख्यतया ऋणीहरू, मुद्दाको सुनुवाइको प्रतीक्षामा रहेका अभियुक्तहरू, र सजायको प्रतीक्षामा रहेका (सामान्यतया मृत्युदण्ड वा निर्वासन) अपराधीहरूका लागि प्रयोग गरिन्थ्यो।

भारत, पाकिस्तान, बंगलादेश, श्रीलङ्का लगायत देशमा ब्रिटिश उपनिवेश शासनले आधुनिक जेल प्रणाली सुरु गऱ्यो। Prisons Act, 1894 र Indian Penal Code,

1860 जस्ता कानुन बने, जसले कारागार व्यवस्थापन, कैदीको अधिकार, र सजायको प्रकार स्पष्ट गऱ्यो । जेलहरूलाई सजाय मात्र होइन, अनुशासन र नियन्त्रणको केन्द्रको रूपमा प्रयोग गरियो । नेपाल, भुटान, माल्दिभ्स जस्ता देशमा पनि छिमेकी देश वा पश्चिमी कानुनको प्रभाव प्रवेश गर्न थाल्यो ।

३. **आधुनिक काल** (**२०औं र २१औं शताब्दी**)

विभिन्न मुलुकहरुको आफ्नो संविधान र कानुनअनुसार कारागार ऐन तथा नियमावली बनाउने कार्यको थालनी भयो । सुधारात्मक न्याय प्रणाली (Reformative Justice) तर्फ ध्यान दिइयो । शिक्षा, व्यावसायिक तालिम, र पुनर्स्थापना कार्यक्रम सुरु गरियो । मानवअधिकारका मापदण्डहरूलाई अनुसरण गर्ने प्रयास भयो, यद्यपि धेरै ठाउँमा भीडभाड, स्रोतको कमी, र यातना सम्बन्धी समस्या अझै रहिरहे ।

४. **कारागार प्रणालीको वर्तमान अवस्था**

कारागारहरू दण्डको मात्र केन्द्र नभई पुनर्स्थापना र पुनःसमाजिकरणको संस्था बन्दै गइरहेका छन् । अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र संयुक्त राष्ट्रसंघको Standard Minimum Rules for the Treatment of Prisoners (Nelson Mandela Rules) को प्रभाव देखिन्छ । यद्यपि, सबै देशमा सुधारको गतिको स्तर असमान छ, भीडभाड, स्वास्थ्य सेवा, तथा पुनर्वास सुविधाको कमी अझै चुनौती बनेको छ । सुधार र पुनर्स्थापनाका विचारहरूले प्राथमिकता पाउन थालेको छ । यद्यपि यस सम्बन्धमा विभिन्न देशहरूमा फरक-फरक दृष्टिकोणहरू अपनाइएका छन् । खुला कारागार प्रणाली (Open Prison System) जस्ता वैकल्पिक प्रणालीहरू पनि विकास गरिएका छन्, जसले पुनर्स्थापना र समुदायसँगको सम्बन्धमा जोड दिन्छ ।

## २. केहि मुलुकहरुको कारागार प्रणालीको इतिहासः

### भारत

१. **प्राचीन काल**

- वैदिक र मौर्यकालमा अपराधीलाई सजाय दिन मुख्यतः जरिवाना, दासत्व, अङ्गभङ्ग वा मृत्युदण्ड प्रयोग हुन्थ्यो ।
- स्थायी कारागारको प्रयोग सीमित थियो, थुनुवा कोठा वा किल्ला प्रयोग हुन्थ्यो ।
- मनुस्मृति, अर्थशास्त्र जस्ता धर्म-राजनीतिक ग्रन्थमा अपराध र सजायको व्यवस्था उल्लेख छ ।

२. **मध्ययुगीन काल** (**सुल्तान र मुगल शासन**)

- किल्लाभित्र वा विशेष भवनमा कैदी राख्ने चलन बढ्यो।
- जेलहरू केवल सजायको लागि नभई राजनीतिक कैदीलाई नियन्त्रण गर्ने स्थानको रूपमा पनि प्रयोग भए।

३. **ब्रिटिश उपनिवेश काल** (१७५७–१९४७)

- आधुनिक कारागार प्रणालीको सुरुवात ब्रिटिश प्रशासनले गर्‍यो।
- १८३५ मा 'प्रिजन डिसिप्लिन कमिटी' गठन भयो, जसले जेल सुधारका सिफारिसहरू गर्‍यो।
- १८९४ मा Prisons Act पारित भयो–जेल निर्माण, व्यवस्थापन, कैदीको स्वास्थ्य, श्रम, अनुशासनको स्पष्ट नियम बनाइयो।
- जेलहरूमा राजनीतिक कैदी (स्वतन्त्रता सेनानी) राख्ने प्रचलन बढ्यो।

४. **स्वतन्त्रता पश्चात** (**१९४७ पछि**)

- कारागार प्रशासन राज्य सरकारको अधिकार क्षेत्रमा गयो।
- जेल सुधारका लागि विभिन्न समिति र आयोग बने (जस्तैः All India Jail Manual Committee, 1957-59)।
- सुधारात्मक दृष्टिकोणलाई प्राथमिकता दिइयो–शिक्षा, व्यावसायिक तालिम, पुनर्वास कार्यक्रम सुरु भए।
- हाल भारतका जेलहरूमा भीडभाड, स्वास्थ्य सेवा कमी, र मानवअधिकार उल्लंघनजस्ता समस्या अझै विद्यमान छन्।

**चीन**

१. **प्राचीन काल** (**ईसा पूर्व**)

- शाङ्ग र झोउ राजवंशमा अपराधीलाई मुख्यतः मृत्युदण्ड, अंगभंग, वा कठोर शारीरिक यातना दिइन्थ्यो।
- स्थायी कारागारको प्रयोग सीमित थियो; कैदीलाई निर्णय नभएसम्म अस्थायी कोठामा राखिन्थ्यो।
- Legalist विचारधाराले कडा कानुन र कठोर सजायलाई समर्थन गर्‍यो।

२. **साम्राज्यकाल** (**किन, हान, ताङ, मिङ वशं**)

- किन राजवंश (ई.पू. २२१-२०६)ः केन्द्रिकृत कानुनी प्रणाली लागू, कैदी श्रम

(forced labour) को प्रचलन रहेको ।

- हान राजवंशः जेलहरूलाई प्रशासनिक नियन्त्रणमा राखियो, श्रम र यातनासँगै कैदी पुनःसामाजिकरणको प्रारम्भिक प्रयास भएको ।
- ताङ र मिङ राजवंशः जेल प्रशासन विस्तृत, तर सजाय अझै कठोर–शारीरिक यातना र बन्धन प्रचलित रहेको ।

३. **Qing राजवंश** (१६४४-१९११)

- जेल संरचना अझ व्यवस्थित, प्रान्तीय र स्थानीय तहमा फरक-फरक प्रकारका कारागार रहेको ।
- कैदी श्रम, मृत्युदण्ड, र यातना कायम रहेको ।
- भ्रष्टाचार, भीडभाड, र अमानवीय व्यवहार व्यापक समस्या रहेको ।

४. **गणतान्त्रिक काल** (१९१२-१९४९)

- पश्चिमी कानुन र जेल व्यवस्थापनको प्रभाव, आधुनिक कारागार भवन निर्माण सुरु भएको ।
- राजनीतिक कैदी र अपराधीलाई छुट्ट्याउने अभ्यास सुरु, तर गृहयुद्धका कारण सुधार स्थिर हुन नसकेको ।

५. **जनवादी गणतन्त्र चीन** (१९४९-**हालसम्म**)

- सोभियत मोडेलको प्रभावमा Laogai (Reform Through Labour) प्रणाली स्थापना–कैदी श्रमलाई पुनर्स्थापना र उत्पादनसँग जोडिएको ।
- १९८० दशकपछि केही कानुनी सुधार–कैदीको अधिकार, शिक्षा, स्वास्थ्यमा ध्यान दिइएको ।
- अन्तर्राष्ट्रिय दबाबपछि Laogai प्रणालीमा सुधारका घोषणा भए, तर मानवअधिकार उल्लंघनको आलोचना अझै जारी रहेको ।

**संयुक्त राज्य अमेरिका**

१. **औपनिवेशिक काल** (**१७औं-१८औं शताब्दी**)

- प्रारम्भिक अंग्रेज उपनिवेशहरूमा अपराधको सजाय मुख्यतः जरिवाना, सार्वजनिक अपमान, काठको बन्धन, कोर्रा, वा मृत्युदण्ड ।
- जेलहरू प्रायः अस्थायी थुनुवा कोठा मात्र थिए, सजायको स्थान नभएको ।
- १७८० तिर पेनसिलभेनियामा penitentiary (धार्मिक पश्चात्तापद्वारा सुधार गर्ने)

अवधारणा सुरु भएको ।

२. **१९औं शताब्दी – आधुनिक जेल प्रणालीको सुरुवात**

- पेनसिलभेनिया मोडेलः एक्लै बन्द (solitary confinement) राखेर धार्मिक अध्ययन र पश्चात्ताप गराउने गरिएको ।
- अउबर्न मोडेल (न्युयोर्क)ः दिनमा सामूहिक श्रम, रातमा एक्लै बन्द–कडा अनुशासन रहेको ।
- कैदी श्रमलाई राज्यको आर्थिक उत्पादनसँग जोड्ने प्रचलन सुरु भएको ।

३. **२०औं शताब्दीको प्रारम्भ – सुधार र व्यावसायिकता**

- प्रगतिशील युगमा (Progressive Era) पुनर्स्थापना, व्यावसायिक तालिम, र शिक्षालाई महत्त्व दिइएको ।
- किशोर अपराधीका लागि juvenile courts र सुधार गृह स्थापना भएको ।
- मृत्युदण्डको प्रयोग जारी तर प्रक्रियागत सुरक्षा बढाइएको ।

४. **१९७०–१९९० – "War on Drugs" र कारागार भीडभाड**

- मादक पदार्थ सम्बन्धी कठोर कानुनका कारण कैदी संख्या तीव्र रूपमा बढेको ।
- लामो सजाय (mandatory minimum sentences) र three–strikes laws लागू भएको ।
- निजी (Private) जेल उद्योगको विकास सुरु भएको ।

५. **२१औं शताब्दी – सुधार र आलोचना**

- भीडभाड, जातीय असमानता, र मानवअधिकार उल्लंघनबारे व्यापक आलोचना भएको ।
- केही राज्यहरूले मृत्युदण्ड हटाए वा प्रयोग घटाएको ।
- पुनर्स्थापना न्याय (restorative justice) कार्यक्रम, कारागार शिक्षा, र मानसिक स्वास्थ्य सेवामा ध्यान दिने प्रवृत्ति बढ्दै गएको ।

## ३. नेपालको कारागार व्यवस्थापनका लागि क्षेत्रीय अन्तर्राष्ट्रिय रूपमा हुँदै आएको सहयोग र सम्बन्ध

१. **संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय मापदण्ड**

- संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (UNDP)ः कारागार सुधार, व्यवस्थापन दक्षता

वृद्धि, र कैदी पुनर्स्थापना कार्यक्रमका लागि प्राविधिक तथा आर्थिक सहयोग।

- United Nations Office on Drugs and Crime (UNODC)
- कारागार सुधारमा Nelson Mandela Rules (Standard Minimum Rules for the Treatment of Prisoners) कार्यान्वयनका लागि तालिम
- मादक पदार्थ सम्बन्धी अपराध नियन्त्रण र पुनर्वास कार्यक्रम
- OHCHR (Office of the High Commissioner for Human Rights): मानवअधिकारको निगरानी र कैदी अधिकार सम्बन्धी सिफारिसहरू।

२. **क्षेत्रीय र द्विपक्षीय सहयोग**

- SAARC क्षेत्रीय फोरमहरूः जेल व्यवस्थापन, पुनर्स्थापना, र कैदीको अधिकारबारे अनुभव आदान-प्रदान
- भारत र नेपालः प्राविधिक सहयोग, कैदी सटासट (Prisoner Exchange Treaty), र तालिम कार्यक्रम
- चीन र नेपालः पूर्वाधार विकास, सुरक्षा प्रणाली, र तालिममा सहयोग

३. **अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) को योगदान**

- International Committee of the Red Cross (ICRC)
- कारागारको भ्रमण गरी कैदीको अवस्था मूल्याङ्कन
- स्वास्थ्य, खानेपानी, र सरसफाइ सुधारका लागि सहयोग
- Prison Fellowship International: कैदीको पुनर्स्थापना, शिक्षा, र पारिवारिक पुनर्मिलन कार्यक्रम

४. **दाता निकाय र परियोजना**

- European Union (EU) र Norwegian Government: मानवअधिकार, न्याय प्रणाली सुधार, र कारागार प्रशासनमा क्षमता अभिवृद्धि परियोजना
- Australian Aid (AusAID): कानुनी सहायता र कारागार सुधार परियोजनामा सहयोग

यस प्रकारको क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सहयोगका माध्यमबाट नेपालको कारागार संरचना र व्यवस्थापनमा आधुनिक प्रणालीको विकास हुदैँ गएको छ।

**१.२ नेपालमा कारागारको विकासक्रमः**

नेपालमा कारागार (जेल) को इतिहास वि.स १९७१ बाट शुरु भएको हो । नेपालको पहिलो कारागार "सदरजेल" (हालको कारागार कार्यालय काठमाडौं-जगन्नाथदेवल) हो । पहिले जेल मुख्तियारको मातहतमा रहन्थ्यो । त्यसको प्रमुख रोलवाला जर्नेल रहने व्यवस्था रहेको थियो । २००७ साल पश्चात कारागार प्रशासन गृह मन्त्रालय अन्तर्गत रहने व्यवस्था भयो । काठमाडौं उपत्यकाका कारागारहरुको उपत्यका अञ्चल कमिश्नर र जिल्लास्थित कारागारहरुको प्रशासन बडाहाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा सञ्चालन भएको पाइन्छ ।

तत्कालीन समयमा नेपालको अञ्चल तथा जिल्लाको विभाजन (१४ अञ्चल र ७५ जिल्ला) पश्चात यो स्थानीय प्रशासनको नियन्त्रण र निर्देशनमा हुन थाल्यो । २०१९ सालमा कारागार सम्बन्धी व्यवस्था गर्न कारागार ऐन, २०१९ निर्माण भयो । हाल उक्त ऐन खारेज भई कारागार ऐन, २०७९ मिति २०७९ असोज ९ गतेदेखि लागू भएको छ । कारागार ऐन, २०७९ को दफाले दिएको अधिकार प्रयोग गरी कारागार नियमावली, २०२० को पन्ध्रौं संशोधन भई मिति २०७९ पौष १८ गतेदेखि लागू भएको छ । गृह मन्त्रालयको कारागार व्यवस्थापन महाशाखाद्वारा सम्पादन भइआएको कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धी कार्यहरु प्रभावकारी एवम् सबल बनाउन २०५० साल साउन १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भएको छ । तत्पश्चात कारागार व्यवस्थापन र प्रशासन सम्बन्धी काम कारागार व्यवस्थापन विभाग अन्तर्गत हुदैं आएको छ । स्थानीय तहमा कारागार कार्यालयमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रण रहने व्यवस्था छ ।

नेपालमा हाल ७७ जिल्ला मध्ये धनुषा, बारा, भक्तपुर, पूर्वी रुकुम पूर्वी नवलपरासी गरी ५ जिल्ला बाहेकका ७२ जिल्लामा ७५ वटा कारागारहरु रहेका छन् । बाँकेको नौबस्तामा पनि नयाँ कारागार निर्माण भई २०८१ वैशाखबाट सञ्चालनमा आएको छ । साविकमा सञ्चालनमा रहेको कारागार कार्यालय नुवाकोट सट्टा नुवाकोट जिल्लामै नयाँ भवनमा केन्द्रीय कारागार कार्यालय खम्बा क्याम्प नुवाकोट मिति २०८१ भाद्र १५ देखि सञ्चालनमा आएको छ । एकै जिल्लामा २ वटा कारागार सञ्चालन भएका जिल्लाहरु बाँके, दाङ र काठमाडौँ हुन् । बाँके जिल्लामा नेपालगञ्ज र नौबस्ता, दाङ जिल्लामा घोराही र तुलसीपुर तथा काठमाडौँ जिल्लामा जगन्नाथदेवल र डिल्लीबजारमा कारागारहरु रहेका छन् । नेपालमा हाल मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही बाँके र डोटी ८ जिल्ला गरी ९ वटा बाल सुधार गृहहरु सञ्चालनमा रहेका छन् । बाँके जिल्ला जयन्दु र नौबस्ता गरी २ वटा बालसुधार गृह रहेका छन् । विभिन्न कारागार र सुधारगृहमा रहेका कैदीबन्दीहरुको विवरण पेज ३४ र ३५ मा उल्लेख गरिएको छ ।

## १.३ कारागार कार्यालय भीमफेदी, मकवानपुरको ऐतिहासिक विकासक्रमः

भीमफेदी कारागारको स्थापना वि.सं. २०२८ साल भएको हो । उक्त समयमा मकवानपुर जिल्ला सदरमुकाम भीमफेदीमा रहेको थियो । वि.सं. २०४२ सालमा सदरमुकाम हेटौंडा सारिएको हो । सुरुमा जिल्ला प्रशासन कार्यालयको शाखाको रुपमा स्थापना भै हाल कारागार व्यवस्थापन विभाग अन्तर्गतको कार्यालयका रुपमा रहँदै आएको छ।

यस कारागार हाल नेपालको सङ्घीय संरचना अनुसार बागमती प्रदेशको मकवानपुर जिल्ला भीमफेदी गा.पा. वडा नं.-६, भीमफेदी सिमलटारमा अवस्थित छ । मकवानपुर जिल्लाको पूर्वीउत्तरी भेगमा अवस्थित यस भेग भौगोलिक रुपमा केही विकट्ता भएता पनि प्राकृतिक रुपमा सुन्दर र रमणीय रहेको छ। ऐतिहासिक र प्राकृति रुपमा यस भेगले आफ्नै महत्व र पहिचान बोके को छ। यस कारागारको कूल क्षेत्रफल १७.२ रोपनीमा फैलिएको छ। क्षेत्रफलको हिसाबले यस कारागारको भू-भाग धेरै रहेको हुदाँ कारागार परिसर भित्र भौतिक संचरना निर्माण गर्न र अन्य कृयाकलापहरू सञ्चालन गर्नसहज हुने गरेको छ।

स्थापनाकालमा सानो काररगारको रुपमा सञ्चालन भएता पनि हाल भने कारागारको कैदीबन्दी राख्ने क्षमता तथा भौतिक संरचनाहरूको विकास हुँदै क्षेत्रीय कारागारको रुपमा समेत विकास भएको पाइन्छ। हाल यस कारागारमा महिला र पुरुष कैदीबन्दी गरी करिब १५०० जनाको क्षमता रहेको छ । वि.सं. २०२८ सालमा सञ्चालनमा आएको पूरानो भवन (ग ब्लक)मा महिला कै दीबन्दीहरू राखिएको छ भने वि.सं. २०६८ सालमा निर्माण गरीएको ख ब्लकमा पुरुष कै दीबन्दीहरू र वि.सं. २०७६ सालमा निर्माण भएको आधुनिक बन्दी सुधार गृह क ब्लकमा पनि पुरुष कैदीबन्दीहरू नै राखिएको छ। हाल तीन वटै बन्दी सुधार गृहमा जम्मा १०१५ जना भन्दी बढी कै दीबन्दीहरु रहेका छन् ।

यस कारागारको स्थापनाकालको सुरुवाती चरणमा जिल्ला प्रशासन कार्यालय मकवानपुर को एक शाखाको रुपमा सञ्चालित थियो । जहाँ जिल्ला प्रशासन कार्यालयबाट तोकिएका कर्मचारीहरूबाट कारागारको प्रशासन सञ्चालित रहेको थियो । वि.सं. २०५० सालमा कारागार व्यवस्थापन विभागको स्थापना भए पश्चात कारागारको प्रशासनिक कृयाकलापहरू कारागार व्यवस्थापन विभाग मातहत रही सञ्चालित हुँदै आएको छ। कारागार कार्यालयको प्रशासनिक संर चना तथा पूर्वाधारका क्षेत्रमा समेत क्रमिक रुपमा सुधार आएको पाइन्छ। स्थापनाकालको सुरुवाती चरणमा कारागार (जेल) प्रशासनको प्रमुखको रुपमा सुब्बा/खरिदार स्तरका कर्मचारीहरूबाट र केहि समय शाखा अधिकृतस्तरको कर्मचारी नेतृत्वबाट कारागार प्रशासन सञ्चालन हुने गरेकोमा आ.व. २०७५/७६ देखि कारागार प्रमुखको रुपमा रा.प. द्वितीय(उपसचिव) स्तरको कर्मचारीको दरबन्दी सृजना भई कारागारको समग्र प्रशासन सञ्चालन हुँदै आएको छ।

यस कारागारको सुरक्षाको कार्य आन्तरिक रुपमा नेपाल प्रहरीबाट हुँदै आएको छ भने बाह्य सुर क्षामा सशस्त्र प्रहरी बल नेपालबाट व्यवस्थापन हुँदै आएको छ । विषम परिस्थिति, प्राकृतिक

प्रकोप तथा निर्चावन लगायतको समयमा नेपाली सेनाले समेत बाह्य सुरक्षामा परिचालित हुने गरेको छ।

समयको विकासक्रमसँगै कारागार कार्यालय भीमफेदीको भौतिक संरचना र प्रशासनिक क्षेत्रमा उल्लेखनीय रुपमा विकास र सुधार हुँदै आएको छ। सुरुवातीकालमा भौतिक संरचनाहरूको अभावले कैदीबन्दीहरूको व्यवस्थापनमा समस्या हुने गरेको भएता पनि हाल भने कैदीबन्दीहरूलाई उपलब्ध हुने आधारभूत सुविधाहरू औषधी उपचार, सरसफाई, खानेपानी, आवास तथा खानपानहरुको सुविधाहरू सरल र सहज रुपमा व्यवस्था हुँदै आएको छ। पछिल्लो समयमा कारागार (जेल)को रुपमा नभई बन्दी सुधार गृहको रुपमा विकासित हुँदै आएकाले यस कारागारमा पनि भौतिक संरचनाहरूलाई थप व्यवस्थित गर्दै कारागार प्रशासनलाई कैदीबन्दीहरुका अधिकतम हित र सीपमूलक कार्यहरुको व्यवस्थापनमा जोड दिइँदै आएको अवस्था छ।

### १.४ यस कारागार कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरूः

- न्यायिक निकायहरूको आदेश पत्रहरू अनुसार कैदीबन्दीहरुलाई थुनामा राख्ने,
- दैनिक कैदीबन्दी गणनाको जानकारी कार्यालयसँग सम्बन्धित माथिल्लो निकायमा पठाउने,
- कैदीबन्दीहरूको पेशी/बकपत्र/तारेख लगायतका कार्यहरूमा सम्बन्धित अदालतसँग समन्वय गर्ने /भर्पाई गरी पठाउने,
- बिरामी कैदीबन्दीहरूको स्वास्थ्य उपचार गर्ने र अवस्था हेरी बन्दीलाई कारागार अस्पताल, काठमाडौं स्थानान्तरण गर्ने ,
- कैदीबन्दीको घर पायक कारागारमा बन्दी स्थानान्तरण कार्यमा समन्वय गर्ने,
- कैदीबन्दीहरूको अभिलेखलाई व्यवस्थापन गर्ने,
- कैदीबन्दीको निवेदनहरूलाई सम्बन्धित अदालत/निकायमा पठाउने,
- न्यायिक निकायहरूको आदेश पत्रहरू अनुसार कैदीबन्दीहरुलाई थुनामुक्त गर्ने,
- आवश्यकतानुसार नियमित/आकस्मिक विषयहरुमा कार्यालय बैठक गरी आवश्यक छलफल तथा निर्णय गर्ने आदि।

### १.५ अन्य

- कारागार व्यवस्थापनसँग सम्बन्धित आवश्यक नीति एवम् मापदण्डबाट विभागसमक्ष सुझाव प्रस्तुत गर्ने।
- कैदीबन्दीहरुले प्रचलित नियमानुसार पाउने कानुनी लगायत अन्य सेवा सुविधा उपलब्ध गराउने

- कैदीबन्दीहरुलाई सीपमूलक/आयमूलक कार्यमा आबद्ध गराई उद्यमशीलताको प्रवर्द्धन गर्ने
- कारागारको भौतिक एवम् अन्य बहुआयामिक पक्षको सुधारका लागि सम्बन्धित निकायहरुहरु अदालत, मन्त्रालय, विभाग, प्रदेश सरकारका मन्त्रालयहरु, जिल्लास्थित विभिन्न कार्यालयहरु, स्थानीय तहहरु, गैरसरकारी संघसंस्थाहरु तथा अन्य परोपकारी सस्थाहरुसँग समन्वय तथा साझेदारी गर्ने । आदि
- अदालत मन्त्रालय विभाग लगायत तालुक निकायका आदेश निर्णय परिपत्र सुझावअनुसारका कार्यहरु कार्यान्वयन गर्ने ।

**१.६ संगठनात्मक संरचनाः**



### १.७ दरबन्दी तेरिजः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | २ | |
| ४ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ५ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ६ | स.क.अ. | रा.प.अनं. द्वितीय | विविध | - | १ | १ | |
| ७ | अ.हे.व. | ४/५/६ | स्वास्थ्य | - | २ | २ | |
| ८ | ह.स.चा. | श्रेणीविहीन | इन्जिनियरिङ्ग | - | १ | १ | करार सेवा |
| ९ | का.स. | श्रेणीविहीन | - | - | ५ | ५ | करार सेवा |
| **जम्मा** | | | | | **१५** | **१५** | |

### १.८ सशस्त्र प्रहरी बल नेपालतर्फः

| क्र.सं. | पद | हाल कार्यरत | रिक्त(थप आवश्यक) | कुल दरबन्दी (हुनुपर्ने) |
|---|---|---|---|---|
| १. | स. प्र. ना. उ. | १ | - | १ |
| २. | स. प्र. नि. | - | १ | १ |
| ३. | स. प्र. ना. नि. | १ | १ | २ |
| ४. | स. प्र. स. नि. | १ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| ५. | स. प्र. ब. ह. | ४ | १ | ५ |
| ६. | स. प्र. ह. | ११ | - | ११ |
| ७. | स. प्र. स. ह. | १३ | ३ | १६ |
| ८. | स. प्र. ज. | ११ | १० | २१ |
| ९. | स. प्र.प. | १ | - | १ |
| **जम्मा** | | **४३** | **१७** | **६०** |

### १.९ कारागार सुरक्षा गार्ड(नेपाल प्रहरी) तर्फः (२०७७ को स्वीकृत दरबन्दी अनुसार)

| क्र.सं. | पद | दरबन्दी संख्या | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | प्र. ना. नि. | - | १ | |
| २. | प्र. स. नि. | १ | - | |
| ३. | प्र. ब .ह. | - | १ | |
| ४. | प्र. ह. | २ | - | |
| ५. | प्र. स .ह. | ६ | ३ | |
| ६. | प्र. ज. | १० | ५ | |
| ७. | प्र. का.स. | १ | - | |
| **जम्मा** | | **२०** | **१०** | |

### १.१० कारागार प्रशासनमा रहेका शाखाहरूको विवरणः

- **कारागार प्रशासक/कार्यालय प्रमुखः**
  - कार्यालय प्रमुखले कार्यालयको सम्पूर्ण शाखा/फाँटको निगरानी, निरीक्षण तथा सुपरीपेक्षण गर्ने,
  - मातहतका कर्मचारीलाई सेवा प्रवाह र कारागार प्रशासनलाई चुस्त एवम् प्रभावकारी बनाउन आवश्यक निर्देशन दिने,
  - कारागारको बन्दीगृहमा दैनिक निरीक्षण गर्ने साथै आवश्यक निर्देशन दिने ।
  - कारागार व्यवस्थापनका वहुआयामिक विषयबारे अदालत, मन्त्रालय, विभाग,

जिल्ला/स्थानीय स्तरका कार्यालय, सुरक्षा निकाय लगायत अन्य संघ सस्थासँग आवश्यक समन्वय गर्ने ।

- प्रचलिच कानुनअनुसार कारागार प्रशासकका काम कर्तव्य र अधिकारसम्बन्धी कार्यहरु गर्ने गराउने ।

■ **प्रशासन/बन्दी प्रशासन शाखाः**

- न्यायिक, अर्धन्यायिक निकायबाट आउने पत्रको कार्यालय प्रमुखसँग समन्वय गरी जवाफ तयार गर्ने,
- कैदीबन्दीहरूको निवेदन अनुसारको पत्र अन्य निकायमा प्रेषण गर्ने,
- कैदीबन्दीहरूको अभिलेख राख्ने र नियमानुसार कैदमुक्त गर्ने,
- कैदीबन्दीहरूको विवरण PMIS मा इन्ट्री गर्ने र आवश्यक अनुसार विभाग पठाउने,
- कामदारी सुविधा पाउने कैदीबन्दीहरूको फाइल तयार गर्ने,
- मास्केवारी, त्रैमासिक प्रगित विवरण तयार गरी सम्बन्धित कार्यालयमा पठाउने,
- कैदीबन्दीरहरूको पेशी भर्पाई सम्बन्धित निकायमा E-mail मार्फत पठाउने,
- कारागार प्रशासकको आदेशानुसारका अन्य कार्यहरु गर्ने गराउने ।

■ **आर्थिक प्रशासन शाखाः**

- कर्मचारीहरूको तलब र कैदीबन्दीहरूको सिधा खर्च समयमा उपलब्ध गराउने,
- कार्यालय सम्बन्धित सम्पूर्ण आर्थिक कारोबारहरू प्रचलित कानुन बमोजिम गर्ने,
- आर्थिक अभिलेख राख्ने,
- बेरुजु फर्छौट सम्बन्धी आवश्यक कार्यहरु गर्ने गराउने ।

■ **जिन्सी शाखाः**

- कार्यालयमा आवश्यक सामाग्रीहरूको खरिद कार्यमा समन्वय गर्ने,
- कार्यालयका जिन्सी सामानहरूको अभिलेख राख्ने,
- बन्दीको सिधा खर्च निकासामा समन्वय गर्ने ।

■ **स्वास्थ्य शाखाः**

- कारागार बन्दीगृह भित्र कैदीबन्दीहरूको नियमित प्राथमिक चेकजाँच गर्ने,
- नियमित औषधी सेवनकर्ता बिरामीहरूलाई औषधी प्रदान गर्ने,
- स्वास्थ्य सम्बन्धी सल्लाह सुझाव दिई कार्यालयबाट उपचार सम्भव नभए जिल्ला अस्पताल रिफर गर्ने ।

### १.११ कारागारमा कैदीबन्दीको स्वास्थ्य उपचारसम्बन्धी अभ्यास र अवस्थाः

कारागारमा ठूलो संख्यामा कैदीबन्दीहरु रहेकाले निजहरुको स्वास्थ्य सुरक्षा र उपचारको विषय सधैँ चुनौतिपूर्ण हुने गरेको छ। हाल कारागारमा १०३० बढी बन्दीहरु रहेका छन् जसमध्ये अधिकाशं कैदीबन्दीहरु कुनै न कुनै स्वास्थ्य समस्याबाट ग्रसित रहेका देखिन्छन्। कैदीबन्दीहरुमा छालाको रोग, उच्च रक्तचाप, मधुमेह, हाडजोर्नी दुखाइ, पाइल्स, पाचनप्रणालीमा समस्या, झाडापखाला, कब्जियत, मोटोपना, कुष्ठरोग, मुटुरोग जस्ता स्वास्थ्य समस्याहरु रहेका छन्।यसका साथै अन्य थुप्रै कैदीबन्दीहरुमा मानसिक रोगसँग सम्बन्धित समस्या समेत देखापर्ने गरेको छ। कारागारका यी सबै कैदीबन्दीको उपचारमा कारागार प्रशासनका दुई जना स्वास्थ्यकर्मीबाट सेवा प्रदान हुदैँ आएको छ। कारागारमा बिरामी कैदीबन्दीहरुको प्राथमिक उपचार मात्रै हुने र थप उपचारका लागि हेटौँडा, चितवन वा काठमाडौँ लैजानुपर्ने बाध्यता रहदैँ आएको छ। पर्याप्त बजेट अभावका कारण औषधी उपचारको प्रभावकारी व्यवस्था गर्न कठिनाई भएको अवस्था छ। यद्यपि प्रदेश सरकार, कारागार व्यवस्थापन विभाग एवम् स्थानीय तहहरुबाट विभिन्न समयमा कार्यालयलाई निशुल्क रुपमा औषधिजन्य सामाग्रीहरु प्राप्त हुने गरेकाले यसमा केही सहजता भएको छ। औषधिउपचारमा यथोचित बजेटको व्यवस्था, जटिल बिरामीहरुलाई समयमा स्थानान्तरणको व्यवस्था, बन्दीगृहहरुमा खानेपानी सरसफाई ढलनिकास फोहोरमैला व्यवस्थापन लगायतका विषयमा थप सुधार हुन सके कारागारको स्वास्थ्यप्रणाली प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ।

### १.१२ कारागारको भौतिक संरचनाः

**प्रशासनिक भवनः**

आ.व. २०७५/०७६ मा निर्माण भई मिति २०७६ श्रावण १ गतेबाट प्रयोगमा आएको १० कोठे २ तला रहेको, भुई तलामा जम्मा ५ वटा कोठा कार्यालयको दैनिक प्रशासनिक कामकाज तथा माथिल्लो तला कारागार प्रशासक एवम् कर्मचारीहरूको आवास कक्षका रुपमा प्रयोग हुँदै आएको छ।

**बन्दी गृह तर्फः**

| ब्लक "क" | | | ब्लक "ख" | | | ब्लक "ग" | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | संरचना | संख्या | क्र.सं. | संरचना | संख्या | क्र.स. | संरचना | संख्या |
| १ | भवन | १ | १ | भवन | ४ | १ | लाईब्रेरी | १ |
| २ | लाईब्रेरी | | २ | गलैचा कारखाना | १ | २ | मेष | १ |
| ३ | स्टोर | १ | ३ | मुढा कारखाना | १ | ३ | ट्वाईलेट | १ |
| ४ | पसल | २ | ४ | मन्दिर | १ | ४ | बसोबास गर्ने कोठा | २ |
| ५ | मेष | २ | ५ | गुम्बा | १ | ५ | चौकी कोठा | १ |
| ६ | सैलुन | ३ | ६ | पानीट्याङ्की | १ | ६ | स्टोर | १ |
| ७ | क्यान्टिन | १ | ७ | ट्वाईलेट | १४ | ७ | गेट | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | गलैचा कारखाना | १ | ८ | खेलकुद ग्राउण्ड | १ | ८ | टेलिफोन | १ |
| ९ | टेलर | ४ | ९ | बसोबास गर्ने कोठाहरु | १८ | ९ | पानीट्याङ्की | ३ |
| १० | मन्दिर | १ | १० | हस्पिटल | १ | १० | भेटघाट कोठा | १ |
| ११ | गुम्बा | १ | ११ | जिम हल | १ | ११ | बाथरुम | १ |
| १२ | चर्च | १ | १२ | लाईब्रेरी | १ | | | |
| १३ | गोलघर | १ | १३ | क्यान्टिन | १ | | | |
| १४ | युरिनल | ४ | १४ | मासु पसल | १ | | | |
| १५ | ट्वाईलेट | ९ | १५ | किराना पसल | १ | | | |
| १६ | बाथरुम | २१ | १६ | फलफुल जुसपसल | १ | | | |
| १७ | हस्पिटल | ७ | १७ | फेन्सी पसल | १ | | | |
| १८ | सिरक डस्ना बनाउने कोठा | १ | १८ | मेष | ४ | | | |
| १९ | मुढा कारखाना | १ | १९ | मेष हल | १ | | | |
| २० | कोल्डस्टोर | १ | २० | युरिनल | २ | | | |
| २१ | पानीट्याङ्की | १ | २१ | स्नोकर हाउस | १ | | | |
| २२ | जिम हल | १ | २२ | चौतारा | १ | | | |
| २३ | फर्निचर | १ | २३ | भेटघाट कक्ष | २ | | | |
| २४ | भेटघाटकक्ष | १ | २४ | टेलिफोन कक्ष | १ | | | |
| २५ | बसोबास गर्ने कोठाहरु | १ | २५ | टेलर | १ | | | |
| २६ | बाहिरीग्राउण्ड | २४ | २६ | सैलुन | १ | | | |
| २७ | भित्रीग्राउण्ड | १ | २७ | स्टोर | १ | | | |
| २८ | माईक विभाग | १ | २८ | गेट विभाग | १ | | | |
| | | | २९ | माईक विभाग | १ | | | |

## सुरक्षा निकाय तर्फः

| नेपाल प्रहरी तर्फः | | |
|---|---|---|
| क्र.स. | संरचना | संख्या |
| १ | भवन | २ |
| २ | ट्वाईलेट | २ |

| | | |
|---|---|---|
| ३ | बसोबास गर्ने कोठा | ४ |
| ४ | ब्याडमिन्टन कोर्ट | १ |
| ५ | मेष | १ |
| ६ | अफिस | १ |
| ७ | बाथरुम | २ |
| **सशस्त्र प्रहरी बल तर्फः** | | |
| क्र.स. | संरचना | संख्या |
| १ | घर | ३ |
| २ | ट्वाईलेट | ५ |
| ३ | सञ्चार | १ |
| ४ | मेष | १ |

**अन्य संरचनाहरूः**

- कारागार कार्यालयको मूख्य प्रवेशद्वार - १
- चेकजाँच कक्ष - १
- प्रतिक्षालय - १
- पूरानो जिल्ला प्रशासन कार्यालयको भवन (ऐतिहासिक भवन) - १

१.१३ **सरोकारवाला निकाय/संस्था/संगठनहरूः**

- सर्वोच्च अदालत
- उच्च अदालतहरू
- जिल्ला अदालतहरू
- गृह मन्त्रालय
- बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय
- महान्याधिवक्ताको कार्यालय
- कारागार व्यवस्थापन विभाग
- जिल्ला प्रशासन कार्यालय
- उच्च सरकारी वकील कार्यालयहरू
- जिल्ला सकारी वकील कार्यालयहरू

- जिल्ला प्रहरी कार्यालयहरु
- स्थानीय तहहरू
- राष्ट्रिय निकुञ्ज तथा वन कार्यालय
- नेपाल रेडक्रस कार्यालय लगायत परोपकारी संस्थाहरू।

**१.१४ कारागार प्रशासनसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरूः**

- नेपालको संविधान, २०७२
- कारागार ऐन, २०७९
- कारागार नियमावली, २०२०(१५औं संशोधन)
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६
- ज्येष्ठ नागरिक ऐन, २०६३
- बालबालिका सम्बन्धी ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०
- मुलुकी अपराध संहिता, २०७४
- स्थानीय प्रशासन ऐन, २०२८
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- प्रशासकीय कार्य फछ्र्यौट नियमहरू, २०२६
- कारागार व्यवस्थापन निर्देशिका, २०७३
- मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल सञ्चालन कार्यविधि, २०७७
- सर्वोच्च अदालतबाट सम्बन्धित विषयमा भएको आदेश र फैसलाहरु
- नेपाल सरकारको सम्बन्धित विषयका नीति निर्देशन र निर्णयहरु
- नेपाल सरकारले कारागार व्यवस्थापनसँग सम्बन्धित विषयमा गरेको सन्धि, सम्झौता र सहमतिहरू
- बन्दीहरुको बडापत्र
- कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारलेपालना गर्नुपर्ने शर्तहरु, २०८०
- प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८०
- प्यारोल सम्बन्धी निर्देशिका २०८१
- कारागार व्यवस्थापन विभाग, विभाग र मातहतका निकायहरुबाट विद्यमान ऐन कानुन र कार्यक्षेत्रको परिधिभित्र नीतिगत निर्णयहरु लगायत अन्य ऐन, नियम, निर्णय, परिपत्र आदि।

**१.१५ कारागार कार्यालयको दैनिक सरोकारका विषयहरू:**

- दैनिक कैदीबन्दी गणनाको जानकारी,
- कैदीबन्दीको पेशी/बकपत्र/तारेख लगायतको जानकारी,
- बिरामी कैदीबन्दीहरूको स्वास्थ्य सम्बन्धी जानकारी,
- बन्दी स्थानान्तरण कार्यको समन्वय,
- आवश्यकतानुसारका अन्य नियमित/आकस्मिक विषयहरु ।

**१.१६ कार्यालयमा सञ्चालित प्रशासनिक ईकाइहरू:**

- कार्यालय प्रशासन
- सुरक्षा प्रशासन (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल)
- आन्तरिक प्रशासन (ब्लकहरु क्रमशः क, ख र ग) ।

# परिच्छेद–२

## आ.व. २०८१/८२ मा सम्पादन भएका मुख्य कामको विवरण

### २.१ भौतिक पूर्वाधार निर्माणतर्फः

- सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश अन्तर्गत बिल्लादार/जवान बस्दै आएको साबिकको पुरानो भवन भत्काई ५ कोठाको नयाँ ब्यारेक निर्माण सम्पन्न भएको,
- ब्लक क को अगाडि शौचालय निर्माण गरिएको,
- ब्लक क को बन्दीगृह भवनको पहिलो तलामा फलामको डण्डीले घेराबारा गरी सुरक्षित बनाइएको,
- ब्लक ख को भेटघाट कक्ष, टेलिफोन कक्ष, गलैंचा/मुढा कारखाना मर्मत गर्ने साथै बन्दीगृहको पहिलो तलामा फलामको डण्डी लगाउने कार्य सम्पन्न भएको,
- कार्यालय भवन अगाडि रहेको साबिकको ढलनिकास प्रणालीलाई भीमफेदी गाउँपालिकाको सहयोगमा व्यवस्थित गरिएको ।

### २.२ आर्थिक वर्ष २०८१–८२ को कार्यालयको बजेट कार्यान्वयनको अवस्थाः

| सि. नं. | खर्च शीर्षक | वार्षिक बजेट रु. | खर्च/निकासा रु. | बाँकि बजेट रु. | प्रगति (%) |
|---|---|---|---|---|---|
